जिल्ला अदालत नियमावली, २०७२ को नियम ८७ अनुसार

सङ्खुवासभा जिल्ला अदालतबाट प्रकाशित

दण्ड जरिवाना छूट सम्बन्धी सूचना

यस सङ्खुवासभा जिल्ला अदालत तथा अन्य अदालत र न्यायाधिकरणको फैसला बमोजिम यस अदालतको लगतमा जनिएका आफूले बझाउन बाँकी जरिवाना, सरकारी विगो देहायको समयावधिभित्र बुझाउन आएमा देहायबमोजिम छुट दिने गरी यस अदालतबाट मिति २०७३/११/०५ गते भएको निर्णयानुसार सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। सो सूचना बमोजिमको छूटको फाइदा लिन हुन समेत जानकारी गराइन्छ ।

क. यो सूचना जारी भएको मितिले १ महिनाभित्र बुझाउन ल्याएमा १५ प्रतिशत

ख. दुई महिनाभित्र बुझाउन ल्याएमा १३ प्रतिशत

ग. तीन महिनाभित्र बुझाउन ल्याएमा ११ प्रतिशत

घ. चार महिनाभित्र बुझाउन ल्याएमा ९ प्रतिशत

ङ. पाँच महिनाभित्र बुझाउन ल्याएमा ७ प्रतिशत

च. छ महिनभित्र बुझाउन ल्याएमा ५ प्रतिशत

गोविन्दबहादुर खत्री
तहसिलदार

इति सम्बत् २०७३ साल फाल्गुण महिना ६ गते रोज ६ शुभम्।